# १ शुःसन्देश थाहा पाउन् भन्ने स्वभाव हुनुभएको परमेश्वर

*यस अध्यायका मूल पदहरू:* उत्पत्ति १:२६-२८, उत्पत्ति २:१५-१७, १ यूहन्ना २:१६, यूहन्ना ३:१४,१५, २ कोरन्थी ५:२१, मत्ती ५:१३,१४।

*कण्ठ गर्नुपर्ने सार पद:* "हेर, मैले उनलाई मानिसहरूको सामु साक्षी बनाएको छु। उनी ती मानिसहरूको शासक र आदेश दिने हाकिम बनाएको छु" (यशैया ५५:४ रूपान्तरित)।

हामीहरूको संसार भताभुङ्ग छ! हामी मानिसहरू नै यस संसारलाई अलपत्र पार्नमा ठूलो जिम्मेवारी छौं। त्यसको प्रमुख कारण हामीहरू पापी छौं र हामीहरूको स्वभाव वा नियत नै दुष्ट छ। जब इतिहासको पाना अघि बढिरहेको हुन्छ हामी आफूलाई विश्वस्त गराउन चाहन्छौं कि विगतको युगहरूमा भन्दा अहिले सुधार भएका छौं वा सभ्य बनेका छौं। तर तुलनात्मक रूपमा हेर्दा न त बिगत न त बर्तमान युग, हामीहरूको अवस्था उत्साहजनक छैन। मानिसहरूको मुख हेर्दा न त भविष्य नै उज्ज्वल भएको हामी पाउँछौं। बिलायतको प्रख्यात प्रधानमन्त्री विन्स्टन चर्चिलले बराबर भन्दथे "बिगतको इतिहासलाई हामीले भविष्यको निम्ति उदाहरण मानेर लिन्छौं भने रगत, परिश्रम, आँशु र पसिनाबाहेक केही अपेक्षा गर्न सक्दैनौं।

तर सबै थोक बेकारको छ र सधैं रनभुल्लमा छौं भन्नु आवश्यक छैन। हामीहरूको पाप तथा दुष्ट चालहरू मेटियोस् भनेर येशू ख्रीष्ट हामीहरूको निम्ति मर्नुभयो। उहाँको मृत्यु र पुनरुत्थानले हामीले मुक्तिको प्रतिज्ञा पाएका छौं। सबै थोक नयाँ बनिनेछ भनेर पनि हामीलाई बाचा दिएको छ। "तब मैले नया स्वर्ग र नयाँ पृथ्वी देखें। पहिलो स्वर्ग वा आकाश मण्डल र पृथ्वी बिलाएर गयो" (प्रकाश २१:१ रूपान्तरित)।

यस असिमित नक्षत्रमा रहेर वेवास्ता गरिएको जगतको सामना गर्न हामीलाई एक्लै छोडिएको छैन। हामीहरूको एकल मानविय प्रयासले पाप वा दुष्टसँग मुकाविला गर्न सक्दैनौं। विश्वको सारा जनसंख्याभन्दा हामीसँग लड्न शैतानको फौजहरू धेरै छन्। त्यसैकारण परमेश्वरले हामीहरूको निम्ति मुक्तिको गुरू योजना तर्जुमा गर्नुभएको छ जसले गर्दा हामी आफ्नै अथक प्रयासले कहिलै पनि भिड्न नसकेको संग्राम हाम्रो निम्ति उहाँले गर्नुहुनेछ।

## १. परमेश्वरले नर र नारी सृष्टि गर्नुभयो (उत्पत्ति १:२६-२८)

**"म कहाँबाट आएँ" भन्ने** मानिसले कहिलै पनि सोध्न नरोकेको प्रश्न हो न त त्यसको अन्त नै छ। तर बाइबलको प्रथम दुई अध्यायहरूमा (यथार्थमा सबै बाइबलमा) त्यस महत्त्वपूर्ण प्रश्नको जवाफ हामीहरूको निम्ति दिएको छ। यदि हामी कहाँबाट आएका हौं भन्ने जवाफ सही रूपमा पायौं भने हामीहरूको जीवन उचित रूपमा सुरू गर्न सक्छौं। त्यसले यी प्रश्न वा जिज्ञासाहरूको जवाफ पनि सहजरूपमा दिन सक्छौं: हामी को हौं? हामीहरूको जीवनको औचित्य के हो? हामी किन जिइरहेका छौं? हामी कसरी जिउनुपर्छ? र अन्तमा हामीहरू कहाँ जाँदै छौं र गइरहेका छौं?

**उत्पत्ति १ र २ अध्याय सरसरती पढ्नुहोस्। तर विशेष गरेर उत्पत्ति १:२६-३०मा दिएको मानिस र सम्पूर्ण जीव जीवात र वस्तुहरूको सृष्टिको प्रक्रिया कसरी फरक छ र अरू सृष्टिमा भन्दा मानिस किन धरोहरको रूपमा खडा हुनुपर्ने कारण के छ? हेर्नुहोस् उपरोक्त पदहरू: "२६ फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। २८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो,**

**"फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।" २९ तब परमेश्वरले भन्नुभयो, "हेर, म तिमीहरूलाई पृथ्वीका सबै बीउ उमार्ने बोटहरू र फलमा नै बीउ हुने सबै फलका रूखहरू दिन्छु। ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन्। ३० र पृथ्वीको हरेक पशु, आकाशको हरेक पन्क्षी र जमिनमा चलहल गर्ने हरेक जन्तु– हरेक प्राणी जसमा जीवन छ– तिनीहरूका आहाराको निम्ति म हरिया वनस्पति दिन्छु।" तब त्यस्तै भयो।"**

अ. सबै सृष्टिको काम सम्पन्न भएपछिमात्र परमेश्वरले नर र नारीको सृष्टि गर्नुभयो। तिनीहरूको सामु सारा सृष्टिलाई हेरचाह गर्न र अध्ययन गर्न खडा भएको थियो।

आ. अरू सृष्टि भन्दा नर र नारीको सृष्टिमा परमेश्वरले फरक तरिका अपनाउनुभएको थियो। यस बेलासम्म परमेश्वरले "यसो होस्" भनेर आदेश दिएर सृष्टि गर्नुभएको थियो (जसमा ज्योति, आकाश, पानी, माछा, चराहरू, जन्तु जनावरहरू, बनस्पति आदि थिए)। अब सृष्टिको सर्वोकृष्ट सृष्टि गर्नुभन्दा पहिले स्वर्गमा त्री-एक परमेश्वर अर्थात् पिता, पुत्र र पवित्र आत्माको सभा बसेको थियो जसको निष्कर्ष थियोः "हामीहरूले मानव जातिलाई सृष्टि गरौँ"। उत्पत्तिको प्रथम दुई अध्यायहरूमा अजिब पृथ्वी र सजिवहरूको सृष्टि गर्नुभएको थियो तर मानव जातको सृष्टि सम्पूर्ण सृष्टिहरूभन्दा उत्कर्ष वा महत्त्वपूर्ण भाग थियो।

इ. परमेश्वरको स्वरूप वा स्वभावमा नर र नारीको सृष्टि भएको थियो। उहाँले सृष्टि गर्नुभएको कुनै पनि सृष्टिमा त्यसरी सम्बोधन गरिएको थिएन। हुन त परमेश्वरको स्वरूपमा वा स्वभावमा भन्नुको अर्थ के हो त्यस पदले खुलाएको छैन। तर मानव जातिले कुनै न कुनै रूपमा परमेश्वरका असल गुण वा स्वभावहरू प्रतिबिम्ब गर्दछ भन्न खोजेको हामीले निष्कर्ष निकाल्न सक्छौँ। परमेश्वरले मानिसमा यस्तो विवेक वा चेतना राखिदिनुभएको छ कि उसले मात्र के ठीक छ वा ठीक छैन, के उचित छ के उचित छैन भनेर छुट्याउन सक्छ।

(परमेश्वरका अरू सृष्टि जस्तै पुतलीहरू अति सुन्दर त हुन सक्छ तर तिनीहरूले के ठीक वा के बेठीक भनेर छुट्याउन संघर्ष गर्नुपर्दैन)। परमेश्वरको स्वभाव वा स्वरूपमा मानिसलाई सृष्टि गरिएको अर्थचाहिँ कुनै न कुनै रूपमा परमेश्वरको धर्मी, पवित्र वा असल चरित्रलाई देखाउन सृष्टि गरिएको हो भन्न सकिन्छ।

ई. यस पृथ्वीमा परमेश्वरको प्रतिनिधित्व गर्न नर र नारीलाई अधिकार दिइएको छ। सारा जीवहरूमाथि शासन गर्न पनि अधिकार दिएको छ। (याद गर्नुहोस्ः मानिस मानिसमाथि शासन गर्न परमेश्वरले सुरूमा अधिकार दिएको थिएन किनभने मानिसको असली शासक परमेश्वर हुनुहुन्छ- अनुवादकको टिप्पणी)।

**परमेश्वरले उत्पत्तिको प्रथम अध्यायमा नै मानव जातको सृष्टिको बृतान्त दिएको छ तर मानिस एकलै बस्न वा गुफा वा कुटीमा लुकेर बस्न अऱ्हाइएको छैन। हामी परमेश्वरसँग सम्बन्ध राखेर जिउँछौं। परमेश्वरबिना हामी सिद्ध वा पुरक छैनौं भनेर त्यस भनाइले कसरी पुष्टि गर्छ र उहाँको सामु हामी कतिको गरिमामय छौं भनेर पनि त्यसले कसरी बताउँछ? त्यस भावनालाई पावलले पनि यसरी समर्थन गर्दछन्ः "किनभने "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ।" तपाईंहरूका आफ्नै कविहरूले पनि भनेका छन्, 'हामी निश्चय उहाँकै सन्तान हौं।'" (प्रेरित १७:२८)।**

## २. आत्मनिर्णयको अधिकार अर्थात् ठीक र बेठीकलाई चुन्ने विवेकको वरदान (उत्पत्ति २:१५-१७)

सृष्टिको कथासँग जोडिएको चेतावनी मानव इतिहासमा अत्यन्त महत्त्वपूर्ण छ। अदनको बगैंचामा परमेश्वरले आदमलाई यो सतर्क गराउनुभएको थियोः "सारा रुखहरूका फलफूलहरू खानु तर असल र खराबको रुखको फलचाहीं नखानु" (उत्पत्ति २:९)। सुरूदेखि नै परमेश्वरले मानिसलाई आत्मनिर्णयको अधिकार दिनुभएको थियो भन्ने कुरालाई हामीले बुझ्नुपर्छ। त्यस अधिकारमा कुन् असल वा उचित छ त्यसलाई चुन्ने र कुन् खराब वा अनुचित छ त्यसलाई नचुन्ने। यो

निर्णायक चेतना कुनै पनि अरू जीवहरूलाई दिइएको थिएन। जे ठीक वा धर्मी न्याय गर्ने क्षमताले मानिसलाई परमेश्वरको स्वभाव र चरित्रलाई देखाउँछ भनेर अघिल्लो बुँदामा हामीले हेरेका थियौं।

**मानिसलाई दिएको स्वतन्त्रताक अधिकार वा आत्मनिर्णयको अधिकारको वरदान कतिको वास्तविक छ भनेर उत्पत्ति २:१५-१७ले कसरी बताउँछ? हेर्नुहोस्ः "१५ परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैँचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो। १६ अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैँचाका सबै रूखका फल तैंले सङ्कोच नमानी खाए हुन्छ, १७ तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खान्छौ त्यो दिन तिमी निश्चय नै मर्नेछौ।"**

विभिन्न धर्मले बताएको अनुसार परमेश्वरले मानिसको निधारमा भाग्यको रेखा कोरेर उहाँको इच्छा पालन गर्ने स्वचालित यन्त्र जस्तै मानव प्राणी सृष्टि गर्न सक्नुहुन्थ्यो। अजिब वस्तुहरू जस्तै ज्योति, सूर्य, चन्द्रमा तारा आदिहरूलाई आत्मनिर्णयको अधिकार दिइएको थिएन। परमेश्वरकै खतनमा तिनीहरू परिचालन हुन्छ। तिनीहरू प्राकृतिक नियम अनुसार परमेश्वरको इच्छालाई स्वःत पालन गरि परिचालित हन्छन्।

तर अरू जीव र अजीव वस्तुहरूभन्दा नर र नारीको सृष्टि असाधारण वा विशेष किसिमको थियो। परमेश्वरले तिनीहरूलाई आफ्नै निम्ति सृष्टि गर्नुभएको थियो। ती नर र नारीले जे गर्छन् सो आफ्नै आत्मनिर्णय अनुसार चलोस् भन्ने परमेश्वरको चाहना थियो। करकापमा नपरी मानिसहरूले परमेश्वरलाई स्वइच्छाले उपासना गरुन् भन्ने उहाँको इच्छा थियो। कर वा त्रासले परमेश्वरलाई पुजियो भने उहाँलाई प्रेम गर्न सकिन्नथ्यो। यदि सही प्रेम छ भने त्यो स्वतन्त्र चाहनाबाटमात्र उब्जिन्छ। प्रेमलाई करले जित्न सकिन्न।

परमेश्वरबाटै आएको कारणले असली मानव अधिकार वा आत्मनिर्णयको अधिकारलाई परमेश्वरले सुरक्षित गर्नुहुन्छ र साथै सम्मान पनि गर्नुहुन्छ। हामीहरूले गलत निर्णयहरू गर्न सक्छौं। गलत

निर्णयहरूका नतिजाहरू नराम्रो र भयङ्कर पनि हुनसक्छ। यद्यपि, हामीहरूको परमेश्वरको इच्छालाई जबरजस्ती पालन गराउने उहाँको स्वभावको खिलाफमा छ। (त्यसको अर्थ परमेश्वरलाई विश्वास गर्ने र नगर्ने आत्मनिर्णयको अधिकार मानिसलाई नै सुम्पिएको छ अर्थात् धर्मनिरपक्षको असली परिभाषा यहि हो भन्न सकिन्छ-अनुवादकको टिप्पणी)।

मानिसमा भएको विवेकको स्वतन्त्रता अर्थात् आत्मनिर्णयको अधिकारलाई मान्ने हो भने त्यसमा तिन वटा नीतिहरू जोडिएको ख्याल गर्नुपर्छः

१. सर्वशक्तिमान सनातन् सृष्टिकर्ता परमेश्वरले हामीहरूको व्यक्तिगत इच्छा र निर्णयहरूलाई उहाँले आफ्नो नियन्त्रणमा राख्नुहुन्न।

२. प्रत्येक मानिस आफूले गरेको निर्णय अनुसार जिम्मेवार वहन गर्नु पर्छ।

३. आत्मनिर्णय वा स्वइच्छामा चल्ने स्वतन्त्रताको अधिकारले सुसज्जित हुनुभनेको ठीक र बेठीक वा असल र खराबलाई रोजेर चल्ने विवेक हुनु हो। हामी कुन् बाटोमा हिंड्न चाहन्छौं त्यस बाटोमा हिंड्न वा हिंडाउन कसैले पनि करकाम गर्न अधिकार छैन। मानिसले जे गर्छ स्वइच्छाले नै गर्छ।

**घन्टामा, दिनमा, हप्तामा हामी के ठीक छ के गलत छ भन्ने निर्णय गरेर त्यसै अनुसार चल्न हामीलाई अधिकार दिएको सन्दर्भमा आउँदो समयहरूमा के के निर्णय गर्ने चुनौती तपाईंले गर्नुपर्ने होला, सो सोच्नुहोस्। तपाईंले पाउनुभएको आत्मनिर्णयको पवित्र वरदानलाई तपाईंले कसरी उचित तरिकाले उपभोग गरिरहनुभएको छ? त्यस अधिकारलाई दुरूपयोग गरियो भने त्यसको नतिजाको बारेमा पनि सोच्नुहोस्।**

## ३. पतन (उत्पत्ति ३:६,७)

"६ जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी

**देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए। ७ अनि दुवैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए। अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए।"**

उत्पत्ति ३:६-७।

अलिकति निषेधित फल खानु आफै पाप त थिएन। तर त्यसपछि के भयो त्यो हामीले सोच्नुपर्छ। परमेश्वरले आदम र हव्वालाई आफ्नै स्वरुपमा बनाउनुभएकोले तिनीहरूलाई आत्मनिर्णयको अधिकारले सुसम्पन्न गरी सृष्टि गरिएको थियो। त्यस आत्मनिर्णयमा स्वतन्त्रतामात्र होइन त्यो स्वतन्त्रतामा जिम्मेवारी पनि समावेश भएको थियो। त्यो जिम्मेवारी थियो तिनीहरू परमेश्वरको इच्छालाई आफू खुशी पालन गर्नुपर्ने। अरू केही खानेकुरा नभएकोले तिनीहरूले त्यस निषधित फल खाएको थिएन। बरू तिनीहरूले आफूखुशीले नै त्यो निषेधित फल खाएको थियो। परमेश्वरको स्पष्ट निर्देशन पालन नगरि उहाँको खिलाफमा जान तिनीहरूले आफूखुशी निर्णय गरेका थिए।

त्यही तवरले परमेश्वरको उपासना गर्ने वा नगर्ने निर्णय व्यक्तिगत रूपमा हामीले गर्नैपर्छ। परमेश्वरको वचन वा बाइबल सम्मत चल्ने वा त्यसको बिपरित चल्ने निर्णय हामीले गर्नै पर्छ। परमेश्वरले करकाप गरेर उहाँलाई विश्वास गराउन दिनुहुन्न। उहाँलाई मान्न कहिलै पनि उहाँले हामीलाई कर गर्नुहुन्न। उहाँलाई हामीले प्रेम गर्न उहाँले बल प्रयोग गर्नुहुन्न। कुन बाटो अपनाएर हामी चल्नुपर्छ सो निर्णय गर्न परमेश्वरले हामीलाई नै छोड्नुहुन्छ। तर अन्तमा हामीले चुनेको बाटोको नतिजा अनुसार नै रहन हामी तयार हुनुपर्छ।

निषेधित फल खाएर आदम र हव्वाले परमेश्वरलाई यो आभास् दिएकी उहाँ शिद्ध अर्थात् परिपक्व शासक हुनुहुन्न। उहाँको शासनलाई नै आदम र हव्वाले चुनौती दिएका थिए। आदम र हव्वा अनाज्ञाकारी भए। तिनीहरू विधिको शासनमा बस्न चाहेन। त्यसको फलस्वरुप तिनीहरूले मानव परिवारमा पाप र मृत्युलाई निम्त्यायो।

आदम र हव्वाले अदनको बगैंचा छोड्नुपरेको थियो (उत्पत्ति ३:२३,२४)। त्यो आवश्यक थियो तर तिनीहरूकै हितको लागि त्यो गर्नुपरेको थियो। परमेश्वरको खिलाफमा जाने मानिसलाई सदासर्वदा जिउन दिने रूखको फल खान दिने अधिकार उहाँले दिन चाहनुभएको थिएन। परमेश्वरले तिनीहरूलाई माया गरेर नै अनन्तसम्म पापी भएर बस्न नदिन त्यस फलबाट टाडा राख्नुभएको थियो। (वर्तमान जस्तो पाप, दुष्ट, पिडा र कष्टकर जीवन सदासर्वदा जिउनु परे कस्तो होला!)। अदनको बगैचा जस्तो सुन्दर स्थानबाट निष्काशन गरेर त्यहाँबाट बाहिर प्रतिकूल वातावरणमा काम गर्न तिनीहरूलाई राखिएको थियो (उत्पत्ति ३:२३,२४)।

उत्पत्ति ३:२३,२४को वृतान्तसँग १ यूहन्ना २:१६ तुलना गर्नुहोस्। हेर्नुहोस्: "२२ तब परमप्रभु परमेश्वरले भन्नुभयो, “मानिस हामीजस्तै असल र खराबको ज्ञान जान्ने भएको छ। अब त्यसले जीवनको रूखको फल पनि टिपेर खान नपाओस्, नत्रभने त्यो सधैंभरि जीवित रहला।” २३ यसैकारण जुन भूमिबाट उनी बनाइएका थिए, त्यसैको खेतीकिसानी गर्न परमप्रभु परमेश्वरले उनलाई अदनको बगैंचाबाट निकालिदिनुभयो। २४ उहाँले मानिसलाई धपाइदिनुभएपछि जीवनको रूखतर्फको बाटो पहरा गर्नलाई उहाँले अदनका बगैंचाको पूर्वपट्टि करूबहरू र चारैतिर घुमिरहने ज्वालामय तरवार राखिदिनुभयो।" युहन्नाले व्यक्त गरेको भनाइमा आदम र हव्वालाई सतर्क गराएको पापको बिऊ कसरी देखिन सक्छ र हामीले पनि हामीहरूको जीवनमा सामना गर्नुपर्ने त्यसतो प्रलोभन वा परिक्षाबाट कसरी जोगिने? हेर्नुहोस्: १६ किनकि संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्।" १ यूहन्ना २:१६।

## ४. हामीलाई पापबाट उद्धार गर्न परमेश्वरको सुरो काम (यूहन्ना ३:१४,१५)

हामीहरूको प्रथम मातापिताको पतन भएपछि वा पापको चङ्गुलमा परेपछि त्यसलाई खोज्न परमेश्वर आउनुभएको हो तर परमेश्वरलाई खोज्न मानिस लागेको होइन भनेर बाइबलले स्पष्ट रूपमा सिकाउँदछ। जब परमेश्वरले आदम र हव्वालाई खोज्दै आउनुभयो तब तिनीहरू परमेश्वरको सामु लुकिरहेका थिए। पतित मानव प्राणीको निम्ति त्यो घट्ना कस्तो प्रभावकारी क्षण थियो! हामीलाई खोजिरहने परमेश्वर र हामीलाई उद्धार गर्न चाहने परमेश्वरबाट हामी भागिरहेका छौं। आदम र हव्वा परमेश्वरबाट अदनको बगैंचामा नै भागेका थिए। पवित्र आत्माको अनुरोधको बावजुद पनि आज मानिसहरू परमेश्वरबाट भाग्ने क्रम जारि नै छ।

भाग्यवस हामीहरूको प्रथम पूर्खालाई परमेश्वरले पन्छाउनुभएन। अहिले पनि उहाँले हामीलाई पन्छाउनुभएको छैन नी। आदमलाई सुरूदेखि नै “तिमी कहाँ छौ?" भनेर सोधिएको प्रश्न (उत्पत्ति ३:९) आज पनि हाम्रो अगाडी जारी छ। उहाँले हामीलाई बोलाइरहनुभएको छ।

“आफ्नो अतुलनीय पुत्रको बरदान हामीलाई दिएर परमेश्वरले यस संसारलाई उहाँको अनुग्रहको वातावरणले ढाक्नुभएको छ। उहाँको करुणा, सदाशयता र क्षमाशीलता यस पृथ्वीलाई ढाकिएको स्वच्छ हावा जस्तै वास्तविक छ। सबै जना जो त्यस जीवन दिने स्वच्छ हावामा सास फेर्न चाहन्छ ती जिउने छन् र ख्रीष्टको पूरा कदमा ती नर र नारी बढ्नेछन्।" (एलेन जी ह्वाइट, स्टेप्स टु क्राइस्ट, पृ. ६८बाट रूपान्तरित।

परमेश्वरको सुसमाचार वाहकको उत्कृष्ट उदाहरण येशू ख्रीष्ट हुनुहुन्छ जो मानव जातिलाई मुक्ति दिन आफै मानव अवतार लिएर आउनुभयो र मानिसहरूकै बीचमा उहाँ रहनुभयो र सक्रिय हुनुभयो। उहाँको जीवन नै प्रचारकको उत्तम नमुना हो। येशू ख्रीष्ट यस संसारमा धेरै थोक काम गर्न आउनुभयो- सैतानलाई नष्ट गर्न, परम पिता सनातन

परमेश्वरको चरित्रको सही चित्रण गर्न, सैतानले परमेश्वरको विरुद्धमा लगाएको अभियोग झुठो हुन् भनेर सावित गर्न र परमेश्वरलाई ग्रहण गरेर उहाँको साथमा हिँड्दा उहाँको दश आज्ञा तथा विधिको शासन पालन गर्न सम्भव छ भनेर देखाउन। तर ती सबै भन्दा महत्त्वपूर्ण कारणचाहिँ मानव कल्याणको निम्ति मानिसको ठाउँमा क्रुसमाथि चढेर आफ्नो जीवन दिन आउनुभएको थियो। उहाँको बलिदानले पापको पूर्ण नतिजाबाट हामीलाई मुक्ति दिलाउँछ। त्यो नतिजा हो अनन्तको मृत्यु।

येशूको मृत्युको बारेमा देहायका पदहरूले हामीलाई के सिकाउँछ, हेर्नुहोस्ः यूहन्ना ३ः१४,१५ **"जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, १५ र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ।", यशैया ५३ः४-६ "निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं। ५ तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेडि़यो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं। ६ हामी सबै भेड़ाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ।" र २ कोरन्थी ५ः२१ "किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।"**

"ख्रीष्टमा कुनै पाप थिएन। तर हाम्रो निम्ति पाप हुन परमेश्वरले उहाँलाई खटाउनुभयो। ताकि ख्रीष्टले हाम्रो निम्ति जे गर्नुभयो सो को कारणले परमेश्वरसँग बिछोड भएको सम्बन्ध फेरि उचित तवरले गाँसेर हामी उहाँको सामु ठीक भएर उभिनुपर्छ (२ कोरन्थी ५ः२१ रूपान्तरित)। यस धारणालाई महान् कारोबार भनेर पनि चिनिन्छ। येशूले हामीहरूको पापलाई बोक्नुभयो र पापीले भोग्नुपर्ने कष्ट उहाँले भोग्नुभयो जसले गर्दा हामी पापीहरू येशू जस्तै परमेश्वरको सामु धर्मी वा ठीक भएर उभिन सकौं।"

## ५. सुसमाचार प्रचार गर्ने कार्यदलका उदाहरणहरू (मत्ती ५:१३,१४)

पापमा परिरहेका मानिसहरूलाई उद्धार गर्न सुसमाचार प्रचारक टोली खडा गर्नु परमेश्वरको आफ्नै व्यक्तिगत चाहना हो। हामी प्रत्येक मानव जातलाई उद्धार गर्ने लक्ष्य हामीप्रति उहाँको प्रेमको उपज हो। प्रेमले नै हाँकिनुभएको परमेश्वरको अरू कुनै गहिरो वा रहस्यमय कारण छैन। सारा संसारलाई नै मुक्तिको दायरामा राख्ने उद्देष्य बोकाएर परमेश्वरले ख्रीष्टलाई पठाउनुभएको थियो। येशूको लक्ष्य के हो भनेर सुसमाचार पुस्तकको लेखक यूहन्नाले मात्र कम्तिमा चालिस पल्ट घोषणाहरू उल्लेख गरिएका छन् (उदाहरणमा यूहन्ना ३:१७, यूहन्ना १२:४७ पढ्नुहोस्)। अनि पुनरुत्थान भएपछि आफू स्वर्गमा उत्रिनुभन्दा पहिले आफ्नो कामलाई चेलाहरूलाई सुम्पेर भन्नुभयो "जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी नै म पनि तिमीहरूलाई पठाउँदछु" (यूहन्ना २०:११ रूपान्तरित)।

**मत्ती ५:१३-१६मा अत्यन्त गहकिलो शब्दचित्रहरू येशूले कोर्नुभएको छ। ती शब्दचित्रहरूले हामीहरूको सुसमाचार प्रचार गर्ने लक्ष्यलाई कसरी तुलना गर्नुभएको छ सो गम्भिरतापूर्वक सोच्नुहोस्। हेर्नुहोस्ः "१३ "तिमीहरू पृथ्वीका नून हौ, तर नूनको स्वाद गयो भने त्यो केले फेरि नुनिलो पारिने र? त्यो त बाहिर फालिन र मानिसका खुट्टाले कुल्चनबाहेक अरू केही कामको हुँदैन।**

**१४ "तिमीहरू संसारका ज्योति हौ। डाँड़ामा बसालिएको सहर लुक्न सक्दैन। १५ मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ। १६ यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्।"**

येशूका उपासकहरूलाई नुन र बत्तीसँग तुलना गर्दै दिएको शब्दचित्रले सही इसाईहरू कस्तो हुनुपर्छ र अरूलाई कस्तो प्रभाव पार्नुपर्छ भनेर सिकाएको छ। नुनले खाद्य पदार्थसँग मिसाएर उपयोगी

बन्छन्। तर बत्तिले आफूले भ्याएसम्म सबैलाई उज्यालो पार्दै बल्दछ।
"तिमीहरू पृथ्वी वा संसारका" भन्नुको अर्थ

येशूका भक्तहरू खाद्य पदार्थमा नुन मिसिनु जस्तै संसारका नर र नारीहरूसँग घुलमिल हुन अपेक्षा गरिएको बुझ्नुपर्छ। तर जब संसारको ज्योति भन्दा यस पृथ्वीमा यस्ता मानिसहरू छन् जो अन्धकारमा परिरहेका छन्। तिनीहरूले सुसमाचारको ज्योति पाउनु आवश्यक भएको देखिन्छ।

पवित्र जीवन बिताउन र परमेश्वरले दिनुभएको आरोग्यका नियमहरू पालन गरोस् भन्ने अपेक्षा इस्रायलीहरूबाट गरिएको थियो। तिनीहरू अन्यजाति अर्थात् गैर-यहूदीहरूको निम्ति ज्योति भएर चम्कन अऱ्हाइएको थियो (यशैया ४९:६ रूपान्तरित)। सुस्वास्थ्य, सफल जीवन, परमेश्वरले दिनुभएको सब्बथ र अरू आज्ञाहरू पालन गरेर वरिपरिका राष्ट्रहरूलाई परमेश्वर शक्तिशाली सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ भनेर तिनीहरूको जीवन पद्धतिले देखाउनुपर्थ्यो। अन्य जातिको निम्ति ती इस्राएलीहरू अनुकरणीय उदाहरण भएर देखाउन परमेश्वरले अपेक्षा गर्नुभएको थियो। तिनीहरूको सफल जीवनशैलीलाई अध्ययन गरेर छिमेकी देशका मानिसहरूले पनि परमेश्वरको बारेमा बढि जान्न चाहना हुनुपर्थ्यो।

येशूले आफ्ना भक्तहरूलाई नुन जस्तै हुनुपर्छ भनेर सिकाउनुभएको थियो। तिनीहरूकै प्रभावले संसारमा भएका मानिसहरूले पापबाट फर्केर असल जीवन बिताउन सहयोग गर्नु तिनीहरूको धर्म हो भनेर तिनीहरूले आत्मसात् गर्नुपर्थ्यो। कतिपय समयमा येशूभक्तकै प्रभावमा परेर परमेश्वरलाई विश्वास नगर्नेहरू दुष्ट क्रियाकलापहरूबाट अलग भएर बसेको पाइन्छ। येशूभक्तहरूको असल, स्वच्छ र पारदर्शी क्रियाकलापले यस पापी संसारका मानिसहरूलाई प्रभावित पारिरहेको हुन्छ। तिनीहरू अरू मानिसहरूसँग घुलमिल हुँदा येशूको सुसमाचार सुनाउन पनि सहज भएको पाइन्छ।

**तपाईंको आफ्नै चर्चको वरिपरि रहेको संसारमा तपाईंको असल प्रभाव कस्तो छ? के तपाईंको ज्योति मन्द भइरहेको छ? के नुनरूपी**

**तपाईंको स्वाद घटिरहेको छ? यदि छ भने परमेश्वरसँग ठीक भएर चल्ने तपाईंको स्वःनिर्णयले उहाँतिर फर्किने काम सुरू हुन्छ भन्ने आत्मज्ञान किन महत्त्वपूर्ण मान्नुपर्छ?**

## उपसंहारः

**थप जानकारीः** अरूलाई सुसमाचार सुनाउने परमेश्वरको स्वभावका केही पक्षहरूलाई हामीले छलफल गर्‍यौं। सुसमाचार प्रचार गर्ने कार्यदल त्री-एक परमेश्वरबाट परिचालित कारोबार हो। सुसमाचार प्रचारकको टोली मुख्यतय येशू ख्रीष्टसँग सम्बधित छ। उहाँ मानव अवतार लिएर यस संसारमा आएर बस्नु इसाई जगतको निम्ति र सुसमाचार प्रचार गर्ने मिसनको निम्ति अत्यन्त महत्त्वपूर्ण छ। उहाँको जीवन र मृत्युले गर्दा सबै मानिसको निम्ति मुक्तिको ढोका खुला गरिदिएको छ। हामी उहाँका भक्तहरू भएको नाताले र उहाँको सुसमाचारवाहक भएको हुनाले येशूले अरू मानिसहरूको निम्ति के गर्नुभयो सो सुनाउनु पर्छ।

"मिसिनेरी वा सुसमाचार प्रचार गर्ने लक्ष्य लिएर नै ख्रीष्टको चर्च यस पृथ्वीमा गठन गरिएको हो। ठूलो र सानो, गरिब र धनी सबैले सत्यको शुभसन्देश सुनाउन सारा चर्चले योजनाको विकाश गरून् भन्ने परमेश्वरको चाहना छ। बिदेशमा गएर व्यक्तिगत रूपमा सुसमाचार प्रचार गर्न परिश्रम गर्न सबैलाई बोलाएको छैन। तर प्रार्थना गरेर र उपहारहरू दिएर सुसमाचार प्रचार गर्ने काममा संलघ्न हुनसक्छ।"- एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ६, पृ. २९बाट रूपान्तरित।

## चिन्तनमननः

अ. सबै सृष्टिको प्रक्रियामा मानिसको सृष्टि कसरी भएको छ सो सोच्नुहोस्। हाम्रो सुरू कहाँ भएको हो सो जान्न किन जरुरी छ? हामीहरूको सुरूवातको सही ज्ञानले हामी को हौं र हामी

येशूभक्तको जीवनको अर्थ के हो भनेर बुझ्न कसरी राम्रोसँग सघाउँछ?

आ. हाम्रो संसारमा भएको आत्मनिर्णयको अधिकार, प्रेम र दुष्टको बारेमा देहायको भनाईले कसरी बुझाउन सहयोग गर्छ? हेर्नुहोस्, "यदि परमेश्वरले उहाँको सिद्ध प्रेमको प्रतिविम्ब गर्ने प्रेमिलो मानिसहरू सृष्टि गर्न चाहनुहुन्छ भने उहाँले स्वतन्त्र मानिसहरू सृष्टि गर्नुपर्छ जसले गर्दा तिनीहरूले आफ्नै रोजाइले दुःखकष्ट र दुष्टता यस संसारमा उमार्न सकोस्। प्रेम र आत्मनिर्णयको स्वतन्त्रताले हामीमा भएको मानव स्वतन्त्रताद्वारा प्रेममा बढ्ने अवसर दिलाउन परमेश्वरलाई उत्साहित बनाउँछ। यदि के ठीक र गलत छ सो चुन्न हामीलाई परमेश्वरले नचाहनुभएको भए हामीलाई सृष्टि गर्न पनि उहाँलाई कर थिएन।"-रोबर्ट स्पाइटजर, *न्यु प्रुफस् फर द इक्जिस्टेन्स अभ गडः कन्त्रीव्युशनस अभ कन्टेम्पोरी फिजिक्स एण्ड फिलोसोफी,* किन्दल संस्कारण (इरडमस् पब्लिशिङ्ग कम्पनी, २०१०) पृ. २३३बाट रूपान्तरित।

इ. दुई हजार वर्ष अघि बृहत रोमी साम्राज्यमा येशूको मृत्यु त्यस साम्राज्यको सानो देशमा भएको एकल घट्ना थियो। तर त्यस घट्नाले प्रत्येक मानव जीवनलाई अनन्तकालसम्म अर्थमूलक बनाउँदछ। त्यस घट्ना र त्यसको अर्थ थाहा पाएका हामीहरूको जिम्मेवारी के छ जुन् थाहा नपाउनेहरूलाई नसुनाउँदा तिनीहरूले कसरी थाहा पाउने छ होला? सोच्नुहोस्।